Total No. of Printed Pages—8

**HS/XII/A. Sc. Com/N/24**

**2024**

# NEPALI

## ( Modern Indian Language )

*Full Marks* : 100

*Time* : 3 hours

*The figures in the margin indicate full marks for the questions*

General Instructions :

(i) Write all the answers in the Answer Script.

(ii) Attempt Part—A (Objective Questions) serially.

(iii) Attempt all parts of a question together at one place.

( PART : A—OBJECTIVE )

( *Marks* : 50 )

SECTION—I

( *Marks* : 20 )

**1.** तल दिइएका प्रश्नहरूका वैकल्पिक उत्तरमध्ये सही उत्तर पत्तो लगाई उत्तरपत्रमा लेख : 1×10=10

(क) ''राम्रा मुखले बोल्यो भने पनि बाङ्गा-बाङ्गा कुरा झिकेर निहुँ खोज्थी।''
माथिको वाक्यमा निहुँ खोज्ने को हो?

*(i)* कैकेयी

*(ii)* जुठेकी स्वास्नी

*(iii)* गौँथली

*(iv)* साहिँली

(ख) ''साइँदी, तिम्रो आँखामा ताल्चा मारुँ है।''
माथिको वाक्य कुन कथामा पाइन्छ?

(i) शत्रु

(ii) लोग्ने

(iii) परालको आगो

(iv) कैकेयी

(ग) खसहरूको बासस्थानका बारेमा ______ पढे हुन्छ।
तल दिइएको विकल्पबाट सही शब्द छानी माथिको वाक्य पूरा गर।

(i) रामायण

(ii) महाभारत

(iii) पुराण

(iv) हरिवंश

(घ) 'आधुनिक शिक्षक' कसको के हो?

(i) पारसमणिको निबन्ध

(ii) गुरुप्रसाद मैनालीको कथा

(iii) इन्द्र राईको निबन्ध

(iv) पुष्कर शमशेरको कथा

(ङ) हाम्रा नेपाली बडा 'कृतज्ञ' छन्।
माथिको वाक्यमा 'कृतज्ञ'को अर्थ के हो?

(i) गुण मान्ने

(ii) रिसाउने

(iii) वैगुनी

(iv) सफल

(च) 'मुकुन्द-इन्दिरा' नाटक कति अङ्क र दृश्य-मा बाँडिएको छ?

*(i)* चार अङ्क सत्र दृश्य

*(ii)* पाँच अङ्क आठ दृश्य

*(iii)* दश अङ्क अठार दृश्य

*(iv)* पाँच अङ्क अठार दृश्य

(छ) धेरै कितापको बीचमा जेबघडी हेरी भवदेव बसिरहेका।
माथिको वाक्यमा जेबघडी हेरी बस्ने भवदेव कुन कितापका पात्र हुन्?

*(i)* मुना-मदन

*(ii)* मुकुन्द-इन्दिरा

*(iii)* माइत घर

*(iv)* लङ्गडाको साथी

(ज) 'मुना-मदन' खण्डकाव्य कुन छन्दमा रचिएको छ?

*(i)* अनुष्टुप् छन्द

*(ii)* झ्याउरे छन्द

*(iii)* सवाई छन्द

*(iv)* कुनै पनि होइन

(झ) "के भनूँ? भन्ने म केही थिइनँ 'विष' नै पिलाए।"
माथिको पङ्क्तिमा 'विष'-को विपरीत शब्द के हुनसक्छ?

*(i)* आँसु

*(ii)* अमृत

*(iii)* बादल

*(iv)* पानी

(ञ) ‘मुना-मदन’ कस्तो खण्ड काव्य हो?

*(i)* हाँस्य

*(ii)* मार्मिक

*(iii)* सुखान्त

*(iv)* ऐतिहासिक

**2.** कोष्ठमा दिइएको उचित शब्द छानी रित्तो वाक्य पूरा गर : 1×5=5

(क) कि मरिछाड्यो, कि गरिछाड्यो ______को इरादा। (मान्छे/मर्द)

(ख) त दुब्लाएर केही हुँदैन ______ भएसम्म। (शरीर/तागत)

(ग) म त कस्तो ______ को चहकमहकमा जन्मेको हुँ। (चन्द्रमा/प्रकृति)

(घ) ______ पनि चार जनाको अगाडि छिः भन्ने त छैन, क्यारे। (पुसाज्यू/भिनाज्यू)

(ङ) यी ______ नेपालका चौबिसै राज्यमा यत्रतत्र छरिएर बसे। (तुरानियन/खसहरू)

**3.** तलका वाक्य शुद्ध भए ‘हो’ र शुद्ध नभए ‘होइन’ लेख : 1×5=5

(क) गुन्द्रुकलाई मानवजातिले हेलाँ गरेको छ।

(ख) कृष्णरायलाई धनको, यशको र सम्मानको सुख थिएन।

(ग) गौंथली डोको-नाम्लो लिएर वनतिर जान लागेकी थिई।

(घ) ‘मुकुन्द-इन्दिरा’ एउटा सामाजिक-सुखान्त नाटक हो।

(ङ) मदनले धन कमाएर एउटा ठूलो घर बनाउँछ।

## SECTION—II

( *Marks* : 30 )

**4.** तल दिइएका प्रश्नहरूका *5/6* वाक्यमा उत्तर लेख (कुनै **पाँच**) : 3×5=15

(क) चतुरे को हो? ऊ कसरी सुधारवादी भएको छ?

(ख) खसहरूको उल्लेख कहाँ-कहाँ पाइन्छ? 'खसकुरा' भनेको के हो?

(ग) रूपनारायण श्रेष्ठ को हुन्? उनले मुकुन्दलाई किन कलकत्ता पठाएका छन्?

(घ) मदनलाई के कारणले भोट जानुपरेको थियो?

(ङ) कैकेयी को हुन्? उनले कसरी युद्धमा दशरथलाई सहयोग पुर्‍याइन्?

(च) जुठे को हो? जुठेको गृहस्थी जीवनसँग आफ्नु जीवनको तुलना गरेर किन चामे दुःखी हुन्छ?

(छ) 'आधुनिक शिक्षक' कसको के हो? आधुनिक शिक्षकको कलेज जीवन कस्तो थियो?

(ज) मदन र मुकुन्द को-को हुन्? उनीहरूमा के-के समानता छ?

**5.** (क) तल दिइएका शब्दका विपरीत शब्द लेख (कुनै **तीन**) : 1×3=3

अतिवृष्टि ; आचार ; भूत ; विनाश ; स्वार्थ।

(ख) तल दिइएका शब्दका पर्यायवाची शब्द लेख (कुनै **तीन**) : 1×3=3

भाग्य ; सन्तान ; पाठशाला ; पत्थर ; बन्धु।

(ग) तलका टुक्काको अर्थ लेख (कुनै **तीन**) : 1×3=3

*(i)* नाक ठाडो पार्नु

*(ii)* थाँती राख्नु

*(iii)* ठेस लाग्नु

*(iv)* घोक्रो फुलाउनु

(घ) तल दिइएका उखानको अर्थ लेख (कुनै **तीन**) : 1×3=3

*(i)* घोडा चढ्ने लड्छ।

*(ii)* अगुल्टो नठोसी बल्दैन।

*(iii)* कमिलालाई मूतको पैरो।

*(iv)* तातै खाउँ, जली मरुँ।

(ङ) तल दिइएका चिह्न हेरी कारक पत्तो लगाऊ (कुनै **तीन**) : 1×3=3

*(i)* ले

*(ii)* बाट

*(iii)* लाई

*(iv)* को, का, की

*(v)* मा

## ( PART : B—DESCRIPTIVE )

( *Marks* : 50 )

**6.** सप्रसँग व्याख्या गर (कुनै **दुइ**) : 5×2=10

(क) संयोगवश लट्ठीको मुख्य चोट तिनीमाथि परेन। प्रहारकर्ताले तिनीमाथि प्रहार गरेको हो कि भित्तामाथि छुट्ट्याउन गाहारो थियो।

(ख) पुना, यो देश छोडेर जानेलाई त वैगुनी
भन्नैपर्छ, अर्काको ऋण खाई पचाउने
त्यही हो, कि यहाँ छोडोस् माटोको देह अग्निमा।

(ग) छ भने दानी ऊ पनि हर्षवर्द्धन बराबर। के छ र? कारण घर सघाउनु अहिले उनको भारा होइन, उसमाथि ऊ दोग्लो निकै दिन बितेरै हुन्छ।

(घ) ईश्वरमाथि, मुटु छ साथी जङ्गार तरुँला
असल गर्दा झन विघ्न परे बाटैमा मरुँला
पृथिवीपारि स्वर्गमा फेरि हे प्यारी! भेटौंला।

**7.** कृष्णराय को हो? ऊ कसकसको झगडामा किन मध्यस्थ भएको छ? स्पष्ट पार। 5

**अथवा**

'कैकेयी' कथाका कथाकार को हुन्? वृहस्पतिले कसलाई बूढी र चोर औंलाको मुद्राले देखाएर कसलाई के भने? बुझाएर लेख।

**8.** 'गुन्द्रुकको पुकार' कसको के हो? गुन्द्रुकले कसरी धनी-गरीबलाई सहयोग पुराएको छ? 5

**अथवा**

खसहरू को थिए? खस भाषा कसरी नेपालीहरूको मातृभाषा बन्न सक्यो?

**9.** भवदेव उपाध्याय को हुन्? उनले कसरी रूपनारायण श्रेष्ठको परिवारलाई सहयोग गर्न सके? नाटकको आधारमा लेख। 5

**अथवा**

मुकुन्दको चरित्र चित्रण गर।

**10.** 'मुना-मदन' भनेको के हो? मुनाको मृत्यु कसरी हुन्छ? 5

**अथवा**

भोटे दाइको चरित्र चित्रण गर।

**11.** शिक्षामा अनुशासनको धेरै महत्त्व छ भन्ने विषय खुलाउँदै दिल्लीमा पढ्ने मित्रलाई पत्र लेख। 5

**12.** तल दिइएको कुनै **एउटा** विषय छानेर *150* शब्दभित्र निबन्ध लेख : 5

(क) तिमीलाई मनपर्ने ठाउँ

(ख) कि पढेर जानिन्छ, कि परेर जानिन्छ

(ग) धनको मुख कालो हुन्छ

(घ) रमाइलो दिन

**13.** तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर लेख :

नेपाली समाजमा सामान्यतः सरस्वतीको वन्दना गराएपछि शिक्षारम्भ गराइन्छ। रामशरणको शिक्षारम्भ भने फरक किसिमले भएको थियो। उनले कखराबाट नभएर सारेगमबाट शिक्षाको आरम्भ गरेका थिए। उनी आफ्ना घरमा प्रायः बजिरहने ट्रम्पेट, कर्नेट र अर्ग्यानको समधुर ध्वनिबाट बाल्यकालदेखि नै प्रभावित थिए। यसैले तिनै बाजाबाट शिक्षारम्भ गर्न उनलाई सहज पनि भएको थियो। उनी एघार वर्षकै उमेरमा ती बाजा बजाउन सक्ने भइसकेका थिए। बाजा बजाउने कामसँगै पढाइको कार्यलाई पनि क्रमशः अघि बढाउँदै लगे। घरमा आफ्ना पिताको सङ्कलनमा रहेका पुस्तकले विस्तारै विस्तारै उनलाई अध्ययनमा पनि रुचि जगाइदिएका थिए। उक्त सङ्कलनमा त्यति धेरै पुस्तक नभए पनि उनका लागि रुचि जगाउन भने ती पर्याप्त थिए।

**प्रश्नहरू :**

(क) अरूभन्दा रामशरणको शिक्षारम्भ कसरी फरक थियो? 2

(ख) रामशरणलाई कस्तो साङ्गीतिक वातावरण प्राप्त थियो? 2

(ग) पुस्तक अध्ययनमा रामशरणको रुचि केले जगाएको हो? 2

(घ) 'सङ्कलन' र 'सहज' शब्दको अर्थ लेख। 2

(ङ) माथिको अनुच्छेदको उचित शीर्षक के हुन सक्छ? 2

★★★